puspas.com.np

# पाठ ६

# व्यापारिक चिठी

**शब्दार्थ**

उपर्युक्त : माथि भनिएको, माथि बताइएको
शीघ्रातिशीघ्र : जतिक्दो चाँडो, छिटोभन्दा छिटो
भुक्तानी : मूल्य चुक्ता गर्ने काम
पेस्की : मूल्यको अग्रिम भुक्तानी दिइने केही अंश, बैना
बिल : मूल्यपत्र, रसिद, सामानको परिमाण र मूल्य खुलाई लेखिने चिर्कटो
भवदीय : तपाईंको, पत्रका अन्तमा नामभन्दा पहिले आत्मीयता वा नम्रता प्रयोग हुने शब्द

## अभ्यास

पेज ४६

**सुनाइ**

१. **पाठको चौथो अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।**

उत्तर: पाठको चौथो अनुच्छेद कक्षामा शिक्षकले भनेको सुनेर विद्यार्थीले शुद्धसँग लेख्ने ।

२. **पाठको चिठी शिक्षकबाट सुन्नुहोस् र सोधिएका प्रश्नहरू उत्तर भन्नुहोस् :**

(क) **चिठी कसले कसलाई लेखेको हो ?**

उत्तर: चिठी देवका अर्यालले साझा बिक्री कक्ष भृकुटी मण्डपका महाप्रबन्धकलाई लेखेको हो ।

(ख) **व्यापारिक चिठी लेख्दा कसलाई सम्बोधन गरिएको छ ?**

उत्तर: व्यापारिक चिठी लेख्दा साझा बिक्री कुक्ष मृकुटी मण्डप काठमाडौंका महाप्रबन्धकलाई सम्बोधन गरिएको छ ।

(ग) **लुम्बिनी पुस्तक पसलले पेस्की स्वरूप कति रुपियाँ बैङ्कमा जम्मा गऱ्यो ?**

उत्तर: लुम्बिनी पुस्तक पसलले पेस्की स्वरूप ५१,००० (अक्षरेपी एकाउन्न हजार रुपियाँ मात्र) बैङ्कमा जम्मा गऱ्यो ।

(घ) **बाँकी रकमको भुक्तानी कहिले हुने छ ?**

उत्तर: बाँकी रकमको भुक्तानी बिल प्राप्त हुनासाथ हुने छ ।

(ङ) **'पेस्की' र 'भुक्तानी' शब्दको अर्थ के हो ?**

उत्तर: पेस्कीको अर्थ मूल्यको अग्रिम भुक्तानी दिइने केही अंश वा बैना हो भने भुक्तानीको अर्थ मूल्य चुक्ता गर्ने काम हो ।

३. **पाठमा दिइएका किताबहरूको सूची सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् :**

(क) **'तरुण तपसी' किताबका लेखक माधव घिमिरे हुन् ।**
(ख) **'आमा' उपन्यासका लेखक म्याक्सिम गोर्की हुन् ।**
(ग) **'सेतो धर्ती' किताबका लेखक अमर न्यौपाने हुन् ।**
(घ) **'गौरी' विजय कुमारले लेखेका हुन् ।**
(ङ) **'मुना मदन' किताबका लेखक लक्ष्मीप्रसाद देवकोटा हुन् ।**

उत्तर:
(क) बेठिक
(ख) ठिक
(ग) ठिक
(घ) बेठिक
(ङ) ठिक

puspas.com.np

**बोलाइ**

४. **तलका शब्दहरू शुद्ध उच्चारण गर्नुहोस् :**
**प्रबन्ध, उल्लिखित, उपर्युक्त, बिक्री, शीघ्रातिशीघ्र**

**उत्तर:** दिइएका शब्द विद्यार्थीले शुद्ध उच्चारण गर्ने, उच्चारण गर्न नसके शिक्षकको सहयोग लिने ।

५. **पाठमा भनेअनुसारका किताबहरूमध्ये कुनै एक किताबका बारेमा कक्षामा सुनाउनुहोस् ।**

**उत्तर:**

**मुनामदन**

**मुनामदन** महाकवि लक्ष्मीप्रसाद देवकोटाको चर्चित र लोकप्रिय खण्डकाव्य हो । खण्डकाव्य भनेको फुटकर कविताभन्दा ठुलो र महाकाव्यभन्दा सानो कविताको रूप हो । यस काव्यमा मुना र मदन नायिका र नायकका रूपमा आएका छन् । उनीहरूका बिचमा मिठो प्रेम थियो । तर ऋणले थोत्रिएको घर र वृद्ध आमाका इच्छाहरू पुरा गर्नुपर्ने बाध्यता युवक मदनका काँधमा थियो । त्यसैले साठी वर्ष नाघेकी बुढीआमा र प्यारी पत्नीलाई घरमा छोडी मदन सुन कमाउन ल्हासा गयो । ल्हासामा पाँच महिना जति काम गरेर घर फर्कने क्रममा हिमाली भेगमा आइपुग्दा उसलाई हैजा लाग्यो । उसका सहरिया साथीहरूले बिरामी मदनलाई छोडी हिँडे । उसलाई भोटेले लगेर स्याहार सुसार र औषधी मुलो गऱ्यो । एक महिनामा निको भएर घर फर्कनुअघि मदनले भोटेलाई आफूले कमाएर ल्याएको दुई पोका सुनमध्ये एउटा भोटेलाई दिन खोज्यो तर भोटेले त्यो लिन मानेन । भोटेले मेरा छोराछोरीलाई सुनको काम छैन तिम्री आमाको आशीर्वाद पठाइ दिए पुग्छ भन्यो, भोटेबाट बिदा भई घर आउनुपूर्व मुनालाई सहरिया गुन्डाले खुबै दुःख दिए । मदन मरेको झुटो खबर गरे । व्यथित बनेकी मुनाले प्राण त्याग गरिन् । उत्साहका साथ घर आइ पुगेको मदनले मुनालाई नपाउँदा व्यथित हुँदै प्राण त्याग गऱ्यो । यस्तो दुःखान्त टुङ्गिएको यो काव्य झ्याउरे लोकलयमा लेखिएको छ । यसमा सहरिया जीवनका नराम्रा पक्ष र गाउँले जीवनका राम्रा पक्षहरू उल्लेख गरिएका छन् । हिमाली भेगका प्राकृतिक सौन्दर्य र ल्हासा दरबारको वर्णन पनि अत्यन्त मनमोहक पारामा गरिएको छ ।

६. **कक्षा दसमा पढ्ने विद्यार्थीले साहित्यिक किताब पढ्दा हुने फाइदाका बारेमा समूहमा छलफल गरी त्यसको निष्कर्ष निकाल्नुहोस् र आआफ्नो समूहको तर्फबाट कक्षामा सुनाउनुहोस् ।**

**उत्तर:** कक्षा दसमा पढ्ने विद्यार्थीले साहित्यिक कृति पढ्दा धेरै नै फाइदा हुने कुरा कक्षामा छलफल गर्ने । निष्कर्ष यस्तो हुन सक्छ :-

(क) पढाइमा रुचि जाग्ने ।
(ख) शब्दभण्डारमा वृद्धि हुने ।
(ग) शैलीको प्रभाव पर्ने ।
(घ) विधागत चिनारी गर्न सजिलो हुने ।
(ङ) विषयगत ज्ञानको विस्तार हुने ।

७. **माध्यमिक तहमा पढ्ने विद्यार्थीले पाठ्यपुस्तकका अतिरिक्त साहित्यिक किताब पढ्दा परीक्षाको नतिजामा पर्ने प्रभावका बारेमा समूहगत रूपमा छलफल गर्नुहोस् र त्यसको निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**उत्तर:** माध्यमिक तहमा पढ्ने विद्यार्थीले पाठ्यपुस्तकका अतिरिक्त साहित्यिक किताब पढ्दा परीक्षाको नतिजामा प्रशस्त प्रभाव पर्छ । यसको निष्कर्ष यस्तो हुन सक्छ :-

(क) माध्यमिक तहमा पढ्ने विद्यार्थीले पाठ्यपुस्तक बाहेक अतिरिक्त साहित्यिक किताब पढ्दा बेफाइदा पटक्कै छैनन् ।

pustpas.com.np

(ख) अतिरिक्त साहित्यिक किताब पढ्दा विभिन्न शैलीको ज्ञान हुन्छ र परीक्षाफल राम्रो हुन्छ ।

(ग) माध्यमिक तहका विद्यार्थीले कविता, कथा र निबन्धका कृतिहरू पढ्नु अझ राम्रो हुन्छ ।

(घ) आफूले पढिसकेपछि केही जिज्ञासा बाँकी रहे शिक्षकको सहयोग लिन सकिन्छ ।

(ङ) लेखाइमा शैलीको विकास हुने र शब्दभण्डारको विकासले परीक्षाको नतिजामा प्रशस्त प्रभाव पर्छ ।

८. **कक्षा दसमा पढ्ने विद्यार्थीले व्यापारिक चिठी पढ्नुपर्ने कारणबारे कक्षामा शिक्षकसँग छलफल गर्नुहोस् र निष्कर्षमा पुग्नुहोस् ।**

**उत्तर:** आजका कक्षा दसमा पढ्ने विद्यार्थी भोलिका कार्यालय सहायक भई काम गर्ने जनशक्ति हो । उसले कार्यालयमा मात्र नभएर जीवन सञ्चालन गर्ने क्रममा व्यापार गर्न सक्छ । यस्तो अवस्थामा समान झिकाउनु पर्दा मूल मान्छेलाई कस्तो सम्बोधन गर्ने र विषयको प्रस्तुति कसरी गर्ने भन्ने जानकारी हुनु आवश्यक छ । त्यस्तै व्यापारिक चिठीका अङ्गहरूका बारेमा पनि जानकारी हुन जरुरी भएकाले कक्षा दसमा पढ्ने विद्यार्थीका लागि व्यापारिक चिठी समावेश गरिएको हो ।

९. **तपाईंले अहिलेसम्म पढेका किताबहरूमध्ये कुन किताब किन राम्रो लाग्यो, कक्षामा सुनाउनुहोस् ।**

**उत्तर:** अहिलेसम्म पढेका किताबमध्ये लीलबहादुर क्षेत्रीले लेखेको **बसाइँ** उपन्यास मलाई राम्रो लाग्यो । यसमा नेपालको पूर्वी पहाडी भेगमा बसोबास गर्ने धनेको गरिबी र गाउँले शोषणलाई सफल रूपमा चित्रण गरिएको छ । धनेले साहुको ऋण तिर्न नसक्दा र आफ्नै बहिनी झुमाले लाहुरेसँग अनैतिक प्रेम सम्बन्ध गाँसेका कारण आफ्नो प्यारो जन्मभूमि छोडेर रुँदै रुँदै जन्मथलो छोडेर बसाइँ सर्नुपर्ने दु:खद अवस्थालाई देखाइएको छ । नेपाली समाजको वास्तविक तस्विर उतारिएकाले मलाई अहिलेसम्म पढेका किताबमध्ये **बसाइँ** राम्रो लाग्यो ।

## पठाइ

१०. **माथिको पाठ पालैपालो सस्वर पठन गरी कक्षामा सुनाउनुहोस् ।**

**उत्तर:** माथिको पाठ कक्षामा विद्यार्थीले पालैपालो सस्वर वाचन गरी सुनाउने ।

११. **तल दिइएको अनुच्छेद राम्ररी पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्**

*त्यो दिन मलाई राम्ररी सम्झना छ, सूर्यका लाली किरणहरू धर्तीलाई आलिङ्गम गर्न निकै आतुर देखिन्थे । पोखराको सराङकोटबाट झुलुक्क झुल्किएका सूर्यले जब आफ्ना किरणहरू माछापुच्छ्रेको शिरमा हुत्याए तब सिङ्गो हिमाल मुसुक्क मुस्कुरायो । हो, त्यही बेला चाँदीको शिर, हरियो सारी र पहेँला घुँगुरा लगाएकी पृथ्वी मेरा आँखा अगाडि छमछम नाच्न थालिन् बजाए दर्शकले ताली । मेरा लाली ओठ मुस्कुराए । सूर्यमुखी फुलले पूर्वतर्फ फर्किएर सूर्यलाई स्वागत गरिन् । छाँगा र झरनाहरूले सङ्गीतको धुन निकाले । त्यही बेला सूर्यले धर्तीलाई आलिङ्गन गरे, अनि कसरी हो कुन्नि, धर्तीको कोखमा सेती नदी जन्मिन् र छातीबाट दुग्धधारा बगाउँदै कति बेला देखिँदैत कति बेला लुक्दै पृथ्वीकै गर्भमा बग्न थालिन् । अझै बग्दै छिन् र कहिलेसम्म बग्छिन्, कसैलाई केही थाहा छैन । मेरा आँखाका नजर र मुस्कानका अधरहरूमा ती घटना अझै ताजै छन् ।*

puspas.com.np

**प्रश्नोत्तरहरू**

**(क) सिङ्गो हिमाल किन मुसुक्क मुस्कुरायो ?**

उत्तर: पोखराको सराङकोटबाट झुलुक्क झुल्किएका सूर्यले आफ्ना किरणहरू माछापुच्छ्रेको शिरमा हुत्याएपछि सिङ्गो हिमाल मुसुक्क मुस्कुरायो ।

**(ख) चाँदीको शिर, हरियो सारी र पहेँलो घुँगुरा लगाएकी पृथ्वी भनेर नेपालका कुन-कुन भागलाई सङ्केत गर्न खोजिएको होला ?**

उत्तर: चाँदीको शिर भनेर नेपालका हिमाललाई, हरियो साडी भनेर पहाडलाई, पहेँलो घुँगुरा लगाएकी भनेर तराईको भागलाई सङ्केत गर्न खोजिएको होला ।

**(ग) कुन बेला सूर्यले धर्तीलाई आलिङ्गन गरे ?**

उत्तर: छाँगा र झरनाहरूले सङ्गीतको धुन निकालेपछि सूर्यले धर्तीलाई आलिङ्गन गरे ।

**(घ) 'दुग्धधारा' र 'अधर' शब्दको अर्थ लेख्नुहोस् ।**

उत्तर: दुग्धधारा - दुधको धारा र अधर - ओठ

**(ङ) माथिको अनुच्छेदको लागि उपयुक्त शीर्षक के हुन सक्ला, लेख्नुहोस् ।**

उत्तर: माथिको अनुच्छेदका लागि 'पोखराको प्राकृतिक सौन्दर्य' उपयुक्त शीर्षक हुन सक्ला ।

**१२. तलका शब्दहरू पढ्नुहोस् र अनुलेखन गर्नुहोस् :**

**(अ) पर्यायवाची शब्द**

अमृत : पीयूष, सुधा
आकाश : नभ, सगर, गगन, व्योम
कोसिस : प्रयत्न, जमर्को, प्रयास
घमण्ड : अभिमान, सेखी, अहङ्कार, गर्व
घर : गृह, आवास, भवन, निवास, सदन, निकेतन
चन्द्रमा : जुन, शशी, इन्दु, निशाकर
आगो : अग्नि, अनल
पहाड : पर्वत, शैल, गिरि
हात : हस्त, कर, बाहु
बल : तागत, शक्ति, सामर्थ्य, क्षमता, पाइन
बादल : मेघ, घटा
रूख : वृक्ष, द्रुम, तरु
हावा : पवन, वायु, समीर

**पर्यायवाची शब्द**

आँखा : नयन, नेत्र, चक्षु, लोचन
उपहार : कोसेली, सौगात, भेटी
गहना : अलङ्कार, आभूषण
ढुङ्गा : शिला, पत्थर, पाषाण
नयाँ : नूतन, नवीन
पृथ्वी : धरणी, भूमि, वसुन्धरा
राक्षस : दानव, दैत्य, असुर
सूर्य : रवि, भानु, भाष्कर, दिवाकर

**(आ) विपरीतार्थक शब्द**

अर्पण : ग्रहण
आकर्षण : विकर्षण
आस्तिक : नास्तिक
उत्थान : पतन
निरपेक्ष : सापेक्ष
स्वतन्त्र : परतन्त्र
पाप : पुण्य
सुलभ : दुर्लभ
साक्षर : निरक्षर
प्रत्यक्ष : परोक्ष
पक्ष : विपक्ष

**विपरीतार्थक शब्द**

अखण्ड : खण्ड
अतिवृष्टि : अनावृष्टि
सुगम : दुर्गम
उदार : सङ्कीर्ण, अनुदार
पूर्वीय : पाश्चात्य
जीवन : मरण
सम्पन्न : विपन्न
स्वर्ग : नर्क (नरक)
संयोग : वियोग
सरल : जटिल
देवता : दानव

उत्तर: तलका शब्दहरू पढी विद्यार्थीले कापीमा लेख्ने ।

puspas.com.np

## लेखाइ

१३. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) पाठमा दिइएको व्यापारिक चिठीको प्रत्युत्तरमा लेख्ने चिठीको नमुना तयार पार्नुहोस् ।

उत्तर:

**साझा बिक्री कक्ष**
**भृकुटी मण्डप, काठमाडौँ, नेपाल**

पत्र सं. ..........
च. नं. ..........

मिति: २०७३/०४/१०

**विषय: पुस्तक पठाइ दिएको सम्बन्धमा ।**

प्रो. देवका अर्याल,
लुम्बिनी पुस्तक पसल, बुटबल ।
महोदय,

उपर्युक्त सम्बन्धमा तपाईंले पेस्की स्वरूप पठाउनुभएको रू. ५१,०००।- (अक्षरेपि रुपियाँ एकाउन्न हजार मात्र) को ड्राफ्ट र पत्र प्राप्त भयो । तपाईंले मगाउनु भएका निम्नानुसारका साहित्यिक पुस्तकहरू पठाइएको बेहोरा जानकारी गराइन्छ ।

| क.सं. | पुस्तकको नाम | लेखक | प्रति |
|---|---|---|---|
| १. | मुनामदन | लक्ष्मीप्रसाद देवकोटा | ३५० प्रति |
| २. | जुँगा | हृदयचन्द्रसिंह प्रधान | १५० प्रति |
| ३. | अनिँदो पहाडसँगै | पारिजात | १५० प्रति |
| ४. | राधा | कृष्ण धरावासी | २५० प्रति |
| ५. | गौरी | माधवप्रसाद घिमिरे | ३५० प्रति |
| ६. | पल्लो घरको झ्याल | गोविन्द बहादुर मल्ल 'गोठाले' | २५० प्रति |
| ७. | नयाँ घर | आहुति | १५० प्रति |
| ८. | आमा | म्याक्सिम गोर्की | ३५० प्रति |
| ९. | तरुण तपसी | लेखनाथ पौड्याल | ३५० प्रति |
| १०. | सेतो धर्ती | अमर न्यौपाने | २५० प्रति |
| ११. | खुसी विजय कुमार | ३५० प्रति | |
| | | **जम्मा** | **२८५० प्रति** |

उल्लिखित पुस्तकहरूको मूल्य रू ५१,५०००।- हुन गएकोले अपुग रकम सामान प्राप्त हुनासाथ पठाइदिनु होला ।

भवदीय
महाप्रबन्धक
साझा बिक्री कक्ष
भृकुटी मण्डप, काठमाडौँ

**खामको नमुना**

**प्रेषक**
साझा बिक्री पक्ष
भृकुटी मण्डप, काठमाडौँ

**प्रापक**
प्रो. देवका अर्याल
लुम्बिनी पुस्तक पसल, बुटबल

pustas.com.np

**(ख)** कर्णाली पुस्तक पसल, कालिकोटले कक्षा १० का अनिवार्य विषयका पुस्तकहरू उपलब्ध गराइदिन अनुरोध गरी साझा प्रकाशन, पुल्चोक, ललितपुरलाई लेख्ने चिठी तयार पार्नुहोस् ।

**उत्तर:**

**कर्णाली पुस्तक पसल**
**कालीकोट**

पत्र सं. ..........
च. नं. ..........

मिति: २०७३/०८/१

**विषय:** अनिवार्य विषयका पुस्तकहरू उपलब्ध गराइ दिने बारे ।

श्रीमान् महाप्रबन्धक,
साझा प्रकाशन पुल्चोक, ललितपुर ।
महोदय,

उपर्युक्त सम्बन्धमा हाम्रो यस कर्णाली पुस्तक पसल कर्णालीले लामो समयदेखि साझा प्रकाशनबाट पुस्तकहरू झिकाई बिक्री वितरण गर्दै आएको कुरा श्रीमान्लाई अवगतै छ । अहिले आएर कक्षा १० का लागि अनिवार्य विषयका निम्नानुसारका पुस्तकहरू आवश्यक परेकाले शीघ्रातिशीघ्र उपलब्ध गरिदिनु हुन अनुरोध छ ।

| **क्र.सं.** | **पुस्तकको नाम** | **प्रति** |
|---|---|---|
| १. | नेपाली | ५०० प्रति |
| २. | अङ्ग्रेजी | ५०० प्रति |
| ३. | गणित | ५०० प्रति |
| ४. | विज्ञान | ५०० प्रति |
| ५. | सामाजिक शिक्षा | ५०० प्रति |
| ६. | स्वास्थ्य, जनसङ्ख्या र वातावरण शिक्षा | ५०० प्रति |

उल्लिखित पुस्तकहरूको भुक्तानीका लागि त्यस प्रकाशनको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्कको खाता नं. ७७८७५ मा पेस्की स्वरूप रु.२००,००।- (अक्षरेपि बिस हजार रुपियाँ मात्र) जम्मा गरेको बैङ्क भौचर यसै पत्रसाथ पठाइएको व्यहोरा अनुरोध छ । बाँकी रकम पुस्तकहरूका साथै बिल प्राप्त हुनासाथ भुक्तानी गरिने व्यहोरा पनि अनुरोध छ ।

सहयोगका लागि धन्यवाद !

**भवदीय**
**प्रो. देव राना**

**खामको नमुना**

**प्रेषक**
प्रो. देव राना
कर्णाली पुस्तक पसल
कालिकोट

**प्रापक**
श्रीमान् महाप्रबन्धक
साझा प्रकाशन पुल्चोक, ललितपुर

pustakas.com.np

(ग) **मनकामना खाद्य स्टोर, गोरखाले वीरगन्ज खाद्य भण्डार वीरगन्जलाई आवश्यक पर्ने खाद्य सामग्री यथाशीघ्र पठाइदिनु भन्ने व्यहोराको एउटा चिठी तयार गर्नुहोस् ।**

**उत्तर:**

**मनकामना**
**खाद्य स्टोर, गोरखा**

पत्र सं. ..........
च. नं. ..........

मिति: २०७३/०८/२५

**विषय:** खाद्य सामग्री पठाइदिने बारे ।

श्रीमान् प्रबन्धक,
वीरगन्ज खाद्य भण्डार,
वीरगन्ज

महोदय,

उपर्युक्त सम्बन्धमा यसमन कामना खाद्य स्टोर गोरखाले तपाईंको खाद्य भण्डारबाट विगत पाँच वर्षदेखि खाद्य सामग्री ल्याई नियमित रूपमा बिक्री वितरण गर्दै आएको कुरा अवगतै छ । अहिले आएर निम्नानुसारका खाद्य सामग्रीको माग बढेकाले शीघ्रातिशीघ्र उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु ।

| **क्र.सं.** | **खाद्यान्नको नाम** | **परिणाम** |
|---|---|---|
| १. | मन्सुली चामल | २० बोरा |
| २. | कालो दाल | २०० केजी |
| ३. | मुङको दाल | २०० केजी |
| ४. | भटमास | १५० केजी |
| ५. | रहरको दाल | २०० केजी |
| ६. | सिबीको दाल | २०० केजी |

उल्लिखित खाद्य सामग्रीहरूको भुक्तानीका लागि त्यस खाद्य भण्डारको नाममा रहेको नेपाल बैङ्क लिमिटेडको खाता नं. २०५०७७ मा पेस्की स्वरूप रु.२५०००।- (अक्षरेपि पच्चिस हजार रुपियाँ मात्र) जम्मा गरेको बैङ्क भौचर यसै पत्रसाथ पठाइएको छ । बाँकी रकम खाद्य सामग्रीहरूका साथै बिल प्राप्त हुनासाथ भुक्तानी गरिने व्यहोरा पनि अनुरोध छ ।

सहयोगका लागि धन्यवाद !

**भवदीय**
**प्रो. श्याम ठकुरी**

**खामको नमुना**

**प्रेषक**
प्रो. श्याम ठकुरी
मनकामना खाद्य स्टोर,
गोरखा

**प्रापक**
श्रीमान् प्रबन्धक वीरगन्ज
खाद्य भण्डार वीरगन्ज

puspas.com.np

(घ) इन्द्रचोक फेन्सी स्टोर, काठमाडौं सिद्धार्थ फेन्सी भण्डार, भैरहवालाई विभिन्न किसिमका तयारी पोसाक पठाइदिन अनुरोध गरी लेखेको पत्रको ढाँचा तयार गर्नुहोस् ।

**उत्तर**

**मनकामना**
**इन्द्रचोक फेन्सी स्टोर**
**काठमाडौं**

पत्र सं. .........
च. नं. ..........

मिति: २०७३/०९/२

**विषय:** विभिन्न किसिमका तयारी पोसाक पठाइदिने बारे ।

प्रो. श्याम महत,
सिद्धार्थ फेन्सी भण्डार,
भैरहवा ।

महोदय,

उपर्युक्त सम्बन्धमा इन्द्रचोक फेन्सी स्टोर, काठमाडौंले विगत आठ वर्षदेखि तपाईंको भण्डारबाट विभिन्न किसिमका तयारी पोसाक झिकाई बिक्री वितरण गर्दै आएको कुरा सर्वविदितै छ । अहिले आएर निम्नानुसारका विभिन्न तयारी पोसाकहरूको माग भएकाले शीघ्रातिशीघ्र उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु ।

| **क्र.सं.** | **पोसाकको नाम** | **सङ्ख्या** |
|---|---|---|
| १. | प्यान्ट (लेडिज) | ४०० थान |
| २. | प्यान्ट (जेन्स) | ३५० थान |
| ३. | स्विटर रातो | ४०० थान |
| ४. | सर्ट | ५०० थान |
| ५. | गन्जी | ४०० थान |
| ६. | कुर्थासुरवाल (लेडिज) | ३०० थान |

उपर्युक्त पोसाकहरूको भुक्तानीका लागि त्यस फेन्सी भण्डारको नाममा रहेको वाणिज्य बैङ्कको खाता नं. ५५७७१ मा पेस्की स्वरूप रु ३०,०००।- (अक्षरेपि तिस हजार रुपियाँ मात्र) जम्मा गरेको बैङ्क भौचर यसै पत्रका साथ पठाइएको छ । बाँकी रकम पोसाकहरूका साथै बिल प्राप्त हुनासाथ भुक्तानी गरिने व्यहोरा अनुरोध छ । सहयोगका लागि धन्यवाद !

**भवदीय**
**प्रो. उमेश बज्राचार्य**

**खामको नमुना**

**प्रेषक**
उमेश बज्राचार्य
इन्द्रचोक फेन्सी स्टोर,
काठमाडौं

**प्रापक**
प्रो.श्याम महत सिद्धार्थ फेन्सी
भण्डार, भैरहवा

puspas.com.np

१४. **तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
**पेस्की, भुक्तानी, वाणिज्य, भौचर, बिल**

उत्तर: पेस्की - एकजोर सिलाउँदा मैले टेलरलाई रु.१५,००।- पेस्की दिएको थिएँ ।
भुक्तानी - तपाईंले पठाएको सामानको भुक्तानी ड्राफ्टमार्फत पठाएको छु ।
वाणिज्य - मैले नेपाल वाणिज्य बैङ्कमा बचत खाता खालेको छु ।
भौचर - पैसा जम्मा गर्दा भौचरमा रकमलाई स्पष्ट लेख्नुपर्छ ।
बिल - पुस्तक खरिद गर्दा पसलेहरू बिल दिन आनाकानी गर्छन् ।

१५. **माथिको पाठबाट ह्रस्व इकार र दीर्घ ईकार लागेका पाँच-पाँचओटा शब्द लेख्नुहोस् ।**

उत्तर: **ह्रस्व इकार लागेका पाँच शब्द** - विगत, बिक्री, वितरक, साहित्यिक , बिल
**दीर्घ ईकार लागेका पाँच शब्द** - लुम्बिनी, श्रीमान्, शीघ्रातिशीघ्र, पेस्की, भुक्तानी

१६. **शुद्ध गरी सार्नुहोस् :**
**बाँकी रकम पुष्टकहरूका साथै बिल प्राप्त हुनासाथ भूक्तानि गरीने बेहोरा अनुरोद गरीन्छ ।**

उत्तर: बाँकी रकम पुस्तहरूका साथै बिल प्राप्त हुनासाथ भुक्तानी गरिने व्यहोरा अनुरोध गरिन्छ ।

## व्याकरण

१. **तलको अनुच्छेदमा रेखाङ्कित गरिएका क्रियापद भूत कालका हुन् । ती क्रियापद राम्ररी पढेर बुझ्नुहोस् :**

*हरियालीले भरिपूर्ण गुल्मी जिल्लाको दिगाम गाउँ प्राचीन कालदेखि नै स्वर्ग जस्तै साँच्चै सुन्दर थियो । यही गाउँको रातामाटा भन्ने ठाउँमा एउटा आकर्षक घर थियो । त्यस घरमा पुराना खालका सामानहरू र आधुनिक खालका सामानहरू प्रशस्तै थिए । त्यस घरमा ढिकी, जाँतो, माना, पाथी, आदि पुराना सामानहरूले घरको शोभा बढाएका थिए । ती सामानहरू ठाउँ ठाउँमा मिलाएर राखिएका थिए । ती सामानहरूको साथमा अरू सामानहरू पनि थपिँदै थिए । गाउँ निकै विकसित हुँदै थियो । किसानहरू उखुखेती गर्दै थिए । खेतबारीमा अदुवा लगाउँदै थिए । उनीहरूले फलफुल खेती पनि गरेका थिए र आफ्नो आम्दानी पनि बढाएका थिए । उनीहरूले यस घरलाई गाउँकै सङ्ग्रहालय बनाउन चाहेका थिए । किनकि मानिसहरू त्यो घर देखेर निकै प्रशन्न हुन्थे । त्यस घरमा दुई जना बुढाबुढी बस्थे । तिनीहरू मिलिजुली खेतबारीमा काम गर्थे । गाईभैंसी पाल्थे । ताजा दुध, दही खान्थे । सागसब्जी लगाउथें । रातापिरा र निरोगी देखिन्थे । उनीहरू इमानदार र नैतिकवान् थिए । त्यसैले मानिसहरू त्यस घरको प्रशंसा गर्न चुक्दैनथे । म पनि यही घरमा जन्में । मिठा-मिठा फलफुल खाएँ । यही गाउँमा खेली खेली हुर्के । आमाबाबाको न्यानो माया पाएँतर समय कति छिटो बितेछ । म त्यस गाउँबाट सहर पसेको पनि धेरै वर्ष भएछ । गाउँका धेरै मानिसले मलाई बिर्सेछन् । पोहोर साल गाउँ जाँदा धेरैले चिनेनन् । गाउँले कोल्टे फेरेछ । नयाँ नयाँ घरहरू बनेछन् । सुविधा सम्पन्न स्कुल र कलेजहरू खुलेछन् । पक्की सडकको बिस्तार भएछ । गाउँले मुहार फेरिएछ । मेरो गाउँ साँच्चै लोभलाग्दो भएछ । मलाई सहर फर्कन मन लागेन । आमाबाबाले पनि गाउँमै बस भन्नुभयो । मैले पनि गाउँमै बसेर आफ्नो सिप गाउँमै खर्चने निधो गरें ।*

उत्तर: दिइएको अनुच्छेदमा रेखाङ्कित गरिएका क्रियापदहरू भूत कालका विभिन्न पक्षका हुन तिनलाई विद्यार्थीले बुझ्ने ।

puspas.com.np

२. **माथिको अनुच्छेदमा रेखाङ्कित गरिएका क्रियापद भूत कालका कुन-कुन पक्षमा पर्छन् ? तल दिइए जस्तै तालिका बनाएर अभ्यास पुस्तिका लेख्नुहोस् :**

| सामान्य भूत | अपूर्ण भूत | पूर्ण भूत | अज्ञात भूत | अभ्यस्त भूत |
|---|---|---|---|---|
| थियो, थिए<br>............<br>............ | थपिँदै थिए, हुँदै थियो<br>............ | राखिएका थिए, गरेका थिए<br>............ | बितेछ, भएछ<br>............ | हुन्थे, बस्थे<br>............ |

उत्तर:

| सामान्य भूत | अपूर्ण भूत | पूर्ण भूत | अज्ञात भूत | अभ्यस्त भूत |
|---|---|---|---|---|
| जन्में, हुर्के, चिनेनन्, लगेन, भन्नुभयो, गरें | गर्दै थिए, लगाउँदै थिए | बढाएका थिए गरेका थिए चाहेका थिए | बितेछ, भएछ, बिर्सेनछन्, फेरेछ, बनेछन्, खुलेछन्, भएछ, फेरिएछ, भएछ, | हुन्थे, बस्थे, गर्थे, पाल्थे, खान्थे, लगाउँथे, देखिन्थे, चुक्दैनथे |

३. **तलका क्रियापदमध्ये भूत कालका क्रियापद मात्र अभ्यास पुस्तिकामा सार्नुहोस् :**
**देखिन्थे, हुत्यायो, मुस्कुरायो, नियाल्दै छु, लेख्छन्, थालिन्, हुन्छ, पढ्छन्, आउनुहुने छ, देखिँदै छ, देखेका थिए, भनिन्छ, हुन्थे**

उत्तर: देखिन्थे, हुत्यायो, मुस्कुरायो, थालिन्, देखेका थिए, हुन्थे

४. **समूह 'क' र समूह 'ख' का बिच जोडा मिलाउनुहोस् :**

| **समूह (क)** | **समूह (ख)** |
|---|---|
| **म पाठ पढ्थें ।** | **अपूर्ण भूत** |
| **छिरिङले कलम किनेकी थिई ।** | **सामान्य भूत** |
| **लखन चौधरी नाच्दै थियो ।** | **अभ्यस्त भूत** |
| **सोनामले उपेन्द्रलाई बोलायो ।** | **अज्ञात भूत** |
| **हामीले राम्रो काम गरेछौं ।** | **पूर्ण भूत** |

उत्तर:

| समूह (क) | समूह (ख) |
|---|---|
| म पाठ पढ्थें । | अभ्यस्त भूत |
| छिरिङले कलम किनेकी थिई । | पूर्ण भूत |
| लखन चौधरी नाच्दै थियो । | अपूर्ण भूत |
| सोनामले उपेन्द्रलाई बोलायो । | सामान्य भूत |
| हामीले राम्रो काम गरेछौं । | अज्ञात भूत |

५. **पाठमा प्रयोग भएका वर्तमान कालका क्रियापदहरू टिप्नुहोस् र भूत कालमा परिवर्तन गरी लेख्नुहोस् ।**

उत्तर: छ - भयो, हुँदै थियो, भएको थियो, भएछ, हुन्थ्यो, गरिन्छ
गऱ्यो- गर्दै थियो, गरेको थियो, गरेछ, गर्थ्यो,
पठाइएको छ - पठाएँ, पठाउँदै थिएँ, पठाएको थिएँ, पठाएछु, पठाउँथे ।

puspas.com.np



६. **लिङ्ग, वचन र पुरुषका आधारमा 'पढ्' धातुबाट बन्ने अपूर्ण भूत कालका क्रियापद बनाउनुहोस् ।**

उत्तर: **लिङ्का आधारमा** - पढ्दै थियो, पढ्दै थिई ।

**वचनका आधारमा** - पढ्दै थियो, पढ्दै थिए ।

**पुरुषका आधारमा** - पढ्दै थिएँ, पढ्दै थियौं । (प्रथम पुरुष)

पढ्दै थिइस्, पढ्दै थियौ । (द्वितीय पुरुष)

पढ्दै थियो, पढ्दै थिए । (तृतीय पुरुष)

७. **कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :**

**(क) म घुम्न ......... । (जा : पूर्ण भूत)**

**(ख) आमाले हामीलाई ........... । (बोलाउ : सामान्य भूत)**

**(ग) आकाशमा चराहरू ............ । उड् : अपूर्ण भूत)**

**(घ) सलिना परीक्षामा प्रथम ........... । (हु : अज्ञात भूत)**

**(ङ) आर्जन चकचक .................. । (गर् : अभ्यस्त भूत)**

उत्तर: (क) म घुम्न गएको थिएँ ।

(ख) आमाले हामीलाई बोलाउनु भयो ।

(ग) आकाशमा चराहरू उड्दै थिए ।

(घ) सलिना परीक्षामा प्रथम भइछ ।

(ङ) आर्जन चकचक गर्थ्यो ।

८. **भूत कालका क्रियापद प्रयोग गरी आफूले घुमेको रमाइलो ठाउँको वर्णन गर्नुहोस् ।**

उत्तर: म जाडोको बिदामा लुम्बिनी घुम्न गएको थिएँ । मायादेवी मन्दिरको प्राङ्गणमा पुग्दा एकदमै रमाइलो लागेको थियो । चारैतिरको वातावरण सुन्दर र मनमोहक थियो । मन्दिरको संरचना र अशोक स्तम्भ देख्दा गौरवको अनुभूति भएको थियो । बुद्धको बालमूर्ति र अमर द्वीपले आत्मबोध गराउँथ्यो । यस्तो आनन्दको भ्रमण यसपूर्व मैले गर्न पाएको थिइनँ ।

९. **पाठबाट शब्दको सुरुमा दीर्घ ईकार हुने शब्दहरू टिपोट गर्नुहोस् ।**

उत्तर: शब्दका सुरुमा दीर्घ ईकार हुने शब्द: श्रीमान्, शीघ्रातिशीघ्र

## सिर्जनात्मक अभ्यास | पेज ७१

१. **तलका शुभकामना तथा निमन्त्रणा पत्रहरू पढ्नुहोस् र तपाईं पनि त्यसअनुसारको पत्र तयार पार्नुहोस् :**

(क)

### शुभकामना

श्री ............. ज्यूका समीपमा,

नववर्ष २०७३ को सुखद अवसरमा तपाईं र तपाईंको परिवारमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

उत्तम ज्ञवाली
प्रधानाध्यापक
तथा
आदर्श उच्च माध्यमिक विद्यालय परिवार
सर्लाही

puspas.com.np

**उत्तर:**

## शुभकामना

श्री ............. ज्यूका समीपमा,

नववर्ष २०७४ को सुखद अवसरमा तपाईं र तपाईंको परिवारमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मङ्लमय शुभकामना व्यक्त गर्दछौं ।

मानबहादुर तामाङ
प्रधानाध्यापक
तथा
सरस्वती उच्च माध्यमिक विद्यालय परिवार
मनाङ

**(ख)** श्री ................ ज्यूका समीपमा,

### निमन्त्रणा

हाम्री आयुष्मती सुपुत्री मनीषा पाठकको श्री मिलन शर्मा तथा आस्था शर्माका चिरञ्जीवी सुपुत्र श्री अनमोल शर्माका साथ हुने शुभविवाहमा यहाँको उपस्थिति प्रार्थनीय छ ।

| **विवाह कार्यक्रम** | **दर्शनाभिलाषी** | **प्रार्थी** |
|---|---|---|
| जन्ती पर्सिने : २०७३/३/२७ गते | अन्वेषा पाठक | विष्णुदत्त पाठक |
| समय : बिहान ११ बजे | अभिलाषा पाठक | शोभा पाठक |
| प्रीति भोज : २०७३/३/२७ गते | अभिषेक पाठक | |
| समय : बेलुका ५ बजे | तथा | |
| स्थान : दिपायल - १०, डोटी | (समस्त पाठक परिवार) | |

**उत्तर:**

श्री ......... ज्यूका समीपमा,

### निमन्त्रणा

हाम्री आयुष्मती सुपुत्री रुचिता ज्ञवालीको श्री मनोज खरेल तथा आस्था खरेलका चिरञ्जीवी सुपुत्र श्री सन्दिप खरेलका साथ हुने **शुभविवाहमा** यहाँको उपस्थिति प्रार्थनीय छ ।

| **विवाह कार्यक्रम** | **दर्शनाभिलाषी** | **प्रार्थी** |
|---|---|---|
| जन्ती पर्सिने : २०७४/३/२७ गते | सिर्जना ज्ञवाली | विनोद ज्ञवाली |
| समय : बिहान १० बजे | दिनेश ज्ञवाली | गरिमा ज्ञवाली |
| प्रीति भोज : २०७४/३/१६ गते | लक्ष्मी ज्ञवाली | |
| समय : बेलुका ५ बजे | तथा | |
| स्थान : धरान - ४, लक्ष्मी सडक | समस्त ज्ञवाली परिवार | |

pushpas.com.np

२. **तपाईंले साथीको जन्मदिनमा आफ्ना साथीलाई दिने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् ।**

उत्तरः

**हार्दिक शुभकामना**

श्री सुमनराज तामाङ,

बनेपा, बुडोल ।

तपाईंको शुभजन्म दिनको सुखद उपलक्ष्यमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

दयाहाङ लामा

पनौती, काभ्रे

३. **तपाईंका दाजुदिदी वा छिमेकीका कसैको विवाहका लागि निमन्त्रणा पत्र बनाई शिक्षकलाई देखाउनुहोस् ।**

उत्तरः

**निमन्त्रणा**

मेरी जेठी दिदी सुश्री अनुपा शर्माको भैरहवा निवासी हरि बस्यालका आयुष्मान् सुपुत्र किशोर बस्यालका साथ सुसपन्न हुने विवाह समारोहमा पाल्नु भई वरवधूलाई आशीर्वाद प्रदान गरी दिनुहुन हार्दिक निमन्त्रणा गर्दछु ।

प्रार्थी

विनोद पराजुली

कार्यक्रम

(क) जन्ती आगमन : २०७३/१०/१९

(ख) स्थान : अन्नपूर्णा पाटी प्यालेस पुरानो बानेश्वर

(ग) समय : दिनको १:०० बजे

❑❑❑

puspas.com.np

# THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.